आज मिति २०७४ साल कार्तिक २२ गते यस मकवानपुरगढी गाउँपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री बिदुर हुमागाई ज्यू को अध्यक्षतामा बस्दा तपसिल बमोजिमको उपस्थिती गरियो - ।

उपस्थिती:-

१. अध्यक्ष श्री बिदुर हुमागाई (गा.पा. अध्यक्ष)

२. उपाध्यक्ष श्री हर्कमायाँ रुम्बा (गा.पा. उपाध्यक्ष)

३. सदस्य श्री आइत सिं लो. (वडाध्यक्ष वडा नं.-१)

४. " श्री बखान सिंह पाखिन ( " " - २)

५. " श्री भागवत घिमिरे ( " " - ३)

६. " श्री राम प्रसाद तिमल्सिना ( " " - ४)

७. " श्री जीत बहादुर घिमिरे ( " " - ५)

८. " श्री टिका प्रसाद दहाल ( " " - ६)

९. " श्री सूर्य बहादुर रुम्बा ( " " - ७)

१०. " श्री कुमार सिं घिसिङ ( " " - ८)

११. का. पा. सदस्य श्री सुरेन्द्र सुनार

१२. " " " श्री चिनीमायाँ लुङवा

१३. " " " श्री निर्मला विश्वकर्मा

१४. " " " श्री मञ्जु योञ्जन

१५. " " " श्री बुद्धीमायाँ योञ्जन

१६. " " " श्री पातलीमायाँ गोले

१७. सदस्य सचिव श्री मिम बहादुर परियार (प्रशासकीय अधिकृत)
१८. बैठक व्यवस्थापन/माइन्यूट लेखन नायब सुब्बा युवराज पौड्याल

मकवानपुरगढी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

मकान्चुली,मकवानपुर

गाउँकार्यपालिकाको वैठक

मिति : २०७४।०७।२२

**वैठकको प्रस्तावहरु**

१. तालिम,गोष्ठि, कार्यशाला, अध्ययन भ्रमण,पदाधिकारी तथा कर्मचारी इन्धन,टेलिफोन र मासिक प्रोत्साहन खर्च सम्वन्धि खर्चको मापदण्ड स्वीकृत सम्वन्धमा ।

२. दोस्रो गाउँसभा आह्वान सम्वन्धमा ।

३. गाउँकार्यपालिकाको केन्द्र तोक्न अध्ययन तथा सिफारिस समिति गठन सम्वन्धमा ।

४. मकवानपुरगढी गाउँपालिका करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि,२०७४ स्वीकृत गर्ने सम्वन्धमा ।

मकान्चुली, मकवानपुर
प्रदेश नं. ३, नेपाल

**निर्णयहरु**

**निर्णय न. १**

प्रस्ताव नं १ माथि छलफल गर्दा मकवानपुरगढी गाउपालिकाले सञ्चालन गर्ने सामाजिक विकास, बातावरण, पूर्वाधार,मानव संसाधन लगायत सवै महाशाखा, वडा कार्यालय, गाउपालिकासँग आवद्ध सवै सरकारी तथा गैह्र सरकारी निकाय एवं गाउपालिकाका मातहतका सवै कार्यक्रम अन्तरगत सञ्चालन हुने तालिम,गोष्ठि, भ्रमण, कार्यशाला, अनुगमन, सुपरिवेक्षण तथा सार्वजनिक परीक्षण लगायतका कार्यक्रम मकवानपुरगढीगाउपालिका आफैले सञ्चालन गर्दा वा साझेदार संस्थाले सञ्चालन गर्दा समेत खर्च गर्नका लागि एक रुपता कायम गरी गाउपालिकाका सवै योजना तथा कार्यक्रमको बजेट खर्चमा एकरुपता कायम गर्न साथै उक्त खर्चको पारदर्शिता समेत कायम गर्नका लागि सीमा तयार गर्न पेश भए अनुसार खर्चको मापदण्ड, २०७४ स्वीकृत गरि लागू गर्ने निर्णय गरियो ।

**निर्णय न. २**

प्रस्ताव नं २ माथि छलफल गर्दा यस मकवानपुरगढी गाउँपालिकाको दोस्रो गाउँसभा तपशिलको मिति, समय र स्थानमा सम्पन्न गर्ने र सो को जानकारी यस गाउँपालिकाको सम्पुर्ण गाउँसभाको सदस्यज्यूहरुलाई जानकारी गाराउने निर्णय गरियो ।

**तपशिल**

मिति : २०७४।०७।२८ गते

समय : विहान ११ बजे

स्थाना : मकवानपुरगढी गाउँपालिका,कार्यालयको सभाहल

**निर्णय नं ३**

प्रस्ताव न. ३ माथि छलफल गर्दा यस मकवानपुरगढी गाउँपालिकाको केन्द्र कायम गर्ने सम्वन्धमा केही वडाहरुवाट अन्यत्र सार्ने प्रस्ताव तथा निवेदन समेत पेश भएको हुँदा,सो कुराको संम्वोधनको लागि मकवानपुरगढी गाउँपालिकाको केन्द्र निर्धारणका लागि अध्ययन तथा सिफारिस गर्ने प्रयोजनको लागि देहाय अनुसार समिति गठन गर्ने र सो समितिले आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

संयोजक : श्री हर्कमायाँ रुम्बा,उपाध्यक्ष

सदस्य : श्री भावगत घिमिरे,३ नं वडा अध्यक्ष

सदस्य : श्री टिका प्रसाद दाहाल, ६ नं वडा अध्यक्ष

सदस्य : श्री वखान सिं पाखिन, २ नं वडा अध्यक्ष

सदस्य : श्री कुमार सिं घिसिङ, ८ नं वडा अध्यक्ष

सदस्य : श्री गिरा बहादुर घिमिरे ५ नं वडा अध्यक्ष

सदस्य : श्री मन्जु योन्जन, कार्यपालिका सदस्य

Scanned with CamScanner